# क्षीरेश्वरनाथ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## महेन्द्रनगर, धनुषा

## २ नं. प्रदेश नेपाल

प.स.:०७५।०७६
च.नं. ५४१

मिति : २०७५।११।०९

**विषयः-सूचना**

सबै सामुदायिक विद्यालयहरु ,

प्रस्तुत विषयमा यस नगर शिक्षा समितिको मिति २०७५।११।०६ गतेको बैठकको निर्णय अनुसार तपसिलमा उल्लेख भए बमोजिमको व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ ।

तपसिलः-

१. नेपालको सम्बिधान २०७२ र यस न.पा.बाट प्रकाशित शिक्षा ऐन २०७५ राजपत्रको अबधारणा अनुरुप माध्यमिक तह सम्मको शिक्षा स्थानीय सरकारले पूर्णत :निःशुल्क व्यवस्था गरेको हुंदा यस न.पा.अन्तर्गत सञ्चालित सबै सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरु र अभिभावकहरु बाट कुनै प्रकार वा कुनै बहानामा चन्दा,सहयोग शुल्क वा अन्य कुनै प्रकारको शुल्क उठाउन ,लिन नहुने र सो भए गरेको पाइएमा नियमानुसार कार्यबाही समेत भई जाने व्यहोरा जानकारी गराइन्छ ।

२. सामुदायिक विद्यालयहरुमा भए गरेका सम्पूर्ण क्रियाकलापहरुको विवरण ,बिगतका सम्पूर्ण आर्थिक गतिविधीहरुको विवरण ,सामाजिक परिक्षण ,आर्थिक लेखा परिक्षण ,बूक कर्नर, छात्रबृत्ति वितरण ,विद्यालयको बजेट ,एस.आई.पि. निर्माण ,विद्यालयको सम्पत्ति विवरण र आयव्यय विवरण ईत्यादि अद्यावधिक रुपले विधिवत् पछि फरक नपर्ने गरी सम्पूर्ण विवरणहरुको प्रमाणित गरी स्रोतव्यक्ति बाट समेत रुजु गरी गराई न.पा.को शिक्षा शाखामा मिति २०७५।११।२५ गते सम्म पेश गर्न हुन अनुरोध छ ।

३. प्रत्येक विद्यालयहरुले सबै शिक्षक कर्मचारीहरुको व्यक्तिगत खाता सिद्धार्थ बैंक महेन्द्रनगर शाखामा सञ्चालन गरी सबैको नागरिक लगानी कोष नं.,क.सं.कोष नं.,संकेत नं. ,स्थायी लेखा नं. ,विद्यालय कोड नं. ,खाता नं. ,व्यक्तिगत सम्पर्क नम्बर ,सरुवा भई आएको शिक्षकको रमानापत्रको प्रतिलिपि, हाजिरी प्रमाणित ,पठाइएको फांटवारी भौचर सहित को विवरण संलग्न भएको मांगफाराम प्रत्येक महिनाको २५ गते सम्म न.पा.को शिक्षा शाखामा पेश गर्न हुन अनुरोध छ ।

प्रमुख प्रशा...

वेबसाईट :www.chhireshwornathmun.gov.np , ईमेल :kshireshwornathmun@gmail.com फोन :-०४१-५४००७७

# क्षीरेश्वरनाथ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर , धनुषा

२ नं. प्रदेश नेपाल


प.स.:०७५।०७६
च.नं. ८५१

मिति : २०७५।११।०९

४. सबै विद्यालयहरुका सबै शिक्षक कर्मचारीहरुको उपस्थिति बिहान ९:४५ बजे र शुक्रवार समेत बेलुका ४:०० बजे सम्म विद्यालय अनिवार्य रुपले सञ्चालन गर्न हुन अनुरोध छ ।

५. विद्यालयका सबै तहका सबै परीक्षा सञ्चालन गर्नका लागि चाहिने आवश्यक सामग्री न.पा.ले नै उपलब्ध गराउने जानकारी गराईन्छ ।

२०७५।११।०९

...................................

इन्द्रदेव यादव
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


वेवसाईट :www.chhireshwornathmun.gov.np , ईमेल :kshireshwornathmun@gmail.com फोन :-०४१-५४००७७